अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र


वर्ष : ७ (गोदावरी)     संख्या : १०२     मिति : २०८१/०४/२९


भाग-१

गोदावरी नगरपालिका

कार्यपालिका बैठकबाट पारित मितिः २०८१/०४/२७

प्रमाणिकरण मितिः २०८१/०४/२८

## गोदावरी नगरपालिकाको
## विषय शिक्षक संयोजक कार्यविधि-२०८१

**प्रस्तावना**

गोदावरी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत विषयगत शिक्षकहरुको विषयगत दक्षता अभिवृध्दि गर्न ,विषयगत समस्याहरु पहिचान गरी सामाधानका उपायहरु पहिचान गर्न, विषयगत सिकाइ उपलब्धि वृद्धि सम्बन्धमा नगरपालिकालाई सुझाव दिन, विद्यालय शिक्षामा विषयगत सिकाइ उपलब्धि अभिवृद्धि गर्न र शिक्षकहरुका लागि आवश्यक तालिम, अनुसन्धान, अनुभव साटासाट सम्बन्धि कार्यको समन्वय तथा नेतृत्व गर्दै विद्यार्थीको सिकाइ सहजता तथा शिक्षकको पेशागत विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा२ (ज) २२को अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरिएको छ ।


गोदावरी नगरपालिका

## परिच्छेद -१ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम 'विषय शिक्षक संयोजक कार्यविधि-२०८१' रहेको छ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा-**

- 'नगरपालिका' भन्नाले गोदावरी नगरपालिका बुझ्नु पर्दछ ।
- 'शाखा' भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखा बुझ्नु पर्दछ ।
- 'विद्यालय' भन्नाले गोदावरी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझ्नु पर्दछ ।
- 'विषयगत संयोजक' भन्नाले गोदावरी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत विभिन्न विषयका शिक्षकहरु मध्येबाट आफ्नो विषयको संयोजको रुपमा नगरपालिकाबाट तोकिएको शिक्षक बुझ्नु पर्दछ ।
- 'प्रोत्साहन रकम' भन्नाले विषयगत संयोजकले यस कार्यविधिमा उल्लेखित काम गरेबाफत पाउने रकम बुझ्नु पर्दछ ।

## परिच्छेद-२ उद्देश्य

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

- विषयगत समस्या पहिचान गरी समाधानका उपायहरुको खोजी गर्ने ।

- शिक्षण सिकाइमा सुधार गरी सिकाइ उपलब्धि वृद्धिगर्ने ।

- राम्रा अभ्यासहरु बारे अनुभव आदान प्रदान गर्ने ।

- शिक्षकको पेसागत विकास तथा सहयोग सम्बन्धी सहजीकरण गर्ने ।

- पाठ्यक्रम तथा पाठ्यपुस्तकअभिमुखीकरण गर्ने ।

- परीक्षा तथा मूल्यांकन सम्बन्धी सहजीकरण गर्ने ।

## परिच्छेद- ३ विषय शिक्षक संयोजक सम्बन्धी व्यवस्थाः

**क. तपसिल बमोजिमको योग्यता भएको शिक्षकलाई नगरपालिकाले निवेदन आह्वान गरी विषयगत संयोजकमा नियुक्त गर्न सकिनेछ :**

- गोदावरी नगरपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा कार्यरत शिक्षक ।

- सम्बन्धित विषयमा स्नातकोत्तर ।
- शिक्षण सिकाइको क्षेत्रमा माध्यमिक तहमा कम्तिमा ५ वर्षको अनुभव भएको (स्थायी, राहत, नगर,शिक्षण सिकाइ अनुदानमा कार्यरत ) शिक्षक
- सूचना तथा संचार प्रविधिमा दक्षता हाँसिल गरेको ।
- सम्वन्धित विषयमा तालिम प्राप्त र स्थायी अध्यापन अनुमति पत्र प्राप्त ।
- शिक्षा तालिम केन्द्रबाट सम्वन्धित विषयको ToT Roster  तालिम प्राप्तलाई प्राथमिकता दिइने ।
- सकारात्मक सोच, जाँगरिलो, समन्वयकर्ता र नेतृत्व गर्न सक्ने ।
- विषय शिक्षक संयोजकको लागि नगरपालिकाले निवेदन आह्वान गर्नेछ र प्राप्त हुन आएका निवेदन मध्ये उत्कृष्ट ठहरिएका शिक्षकलाई विषय शिक्षक संयोजक नियुक्त गरिनेछ । यसरी कुनै विषयको संयोजकका लागि निवेदन प्राप्त हुन नसकेमा नगरपालिकाले सोझै सम्बन्धित विषयको विषय संयोजक तोक्न सक्नेछ ।
- आधारभूत र माध्यमिक तहमा अध्यापन गरिने अनिवार्य विषयहरु; अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक गरी पाँच वटा विषयहरुको विषय शिक्षक संयोजक रहनेछन ।

**ख. विषय शिक्षक संयोजकको काम, कर्तव्यः**

- नगरपालिका भित्रका विषयगत शिक्षकहरुसंग विषयगत समस्याहरु बारेमा सर-सल्लाह र  छलफल गर्ने ।
- विषयगत क्षमता विकास तालिमका लागि शिक्षा शाखासंग समन्वय गरी तालिम तथा अनुसन्धानका कार्यहरु संचालन गर्ने ।
- नगरपालिका भित्रका योग्य,दक्ष र अनुभवी शिक्षकहरुका शिक्षण सिकाइ सम्बन्धी अनुभव आदान प्रदानको व्यवस्था मिलाउने ।
- विषयगत सिकाइ वृध्दि हुने क्रियाकलापको बारेमा योजना निर्माण गरी योजना कार्यान्वयनको लागि सहजीकरण गर्ने । नगर भित्रका विद्यालयहरुको सम्बन्धित विषयको सिकाइ उपलब्धि त्रैमासिक रुपमा शिक्षा शाखालाई जानकारी गराउने ।
- विषयगत शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा सहजीकरण गर्ने ।
- शिक्षण सिकाइ र परीक्षा, मूल्यांकन सम्बन्धी नविनतम् विधिहरुको खोजी गरी विषय शिक्षकहरुलाई सो सम्बन्धमा आवश्यक सहजीकरण गर्ने ।
- विषयगत प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण, परीक्षा संचालन, उत्तरपुस्तका परीक्षण सम्बन्धमा आवश्यक सहजीकरण गर्ने ।
- पाठ्यक्रम र शिक्षक निर्देशिका कार्यान्वयनमा सहजीकरण गराउने ।

**ग. तालिमको माध्यम र समय**

-विषयगत संयोजकहरुले विषयगत तालिम अनलाइन र अफलाइन दुबै माद्यमबाट संचालन गर्न सक्नेछन्।

- विद्यालयको पठन पाठनमा बाधा पुग्ने गरी तामिम संचालन गरिने छैन।

- सकेसम्म विदाको दिन र विद्यालय समयभन्दा अघि वा पछि तालिम संचालन गर्नुपर्नेछ।

- तालिम सञ्चालन गर्दा शिक्षा, युवा तथा खेलकुद शाखा संग अनिवार्य रुपमा समन्वय र सहकार्य गर्नु पर्नेछ ।

## परिच्छेद- ४ विविधः

१. विषयगत संयोजकको पारिश्रमिकः विषयगत संयोजकले तालिम संचालन गरेबाफत नगरपालिकाले तोकेबमोजिमको रकम प्राप्त गर्नेछ।

२. तामिम संचालन गर्न आवश्यक श्रोत साधनको व्यवस्था नगरपालिकाले गर्नेछ।

३. विषयगत संयोजको सेवा अवधि २ वर्षको हुनेछ। निजको कार्य सन्तोषजनक देखिएमा अर्को अवधिको लागि पुनः नियुक्त गर्न सकिनेछ।

**आज्ञाले,**

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/०४/२९

गोदावरी नगरपालिका